# नेपाल राष्ट्र बैंक

## राष्ट्र ऋण व्यवस्थापन विभाग

थापाथली, काठमाडौंको

## व्यक्ति तथा संस्थाका लागि बोलकबोल प्रक्रियाद्वारा

## विकास ऋणपत्र २०७५

## निष्कासन गर्ने सम्बन्धी सूचना

नेपाल सरकारले राष्ट्र ऋण ऐन २०५९, राष्ट्र ऋण नियमावली २०५९ र ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली २०६१ अनुसार बोलकबोल प्रक्रियाद्वारा विकास ऋणपत्र २०७५ देहाय बमोजिमका शर्तहरु कायम गरी निष्कासन गर्ने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) ऋणपत्रको नाम : विकास ऋणपत्र २०७५ (१२-वर्षे) ।
   (ख) निष्कासन गरिने कुल रकम : रु.१२०.०० करोड (एक अर्ब बीस करोड रुपैयाँ मात्र) ।
   (ग) निर्धारित वार्षिक ब्याजदर (Coupon Rate): ६.५० प्रतिशत (अङ्कित मूल्यमा अर्द्धवार्षिक रुपमा ब्याज भुक्तानी हुने तथा ब्याजकर लाग्ने) ।
   (घ) बोलपत्र पेश गर्ने मिति : २०६३ मार्ग १० गतेका दिन अपरान्ह २:३० बजेभित्र ।
   (ङ) निष्कासन हुने मिति : २०६३ मार्ग १२ गते ।
   (च) साँवा भुक्तानी हुने मिति : २०७५ मार्ग १२ गते ।
   (छ) धितो सम्बन्धी व्यवस्था : यो ऋणपत्र धितो राखी कर्जा लिनदिन पाइने ।
   (ज) खरिद गर्न सकिने रकम : रु.२५,०००।- वा सो अङ्कले भागगर्दा नि:शेष हुने गरी निष्कासन हुने रकममा नबढाई ।
   (झ) फाराम सम्बन्धी व्यवस्था : (अ) विकास ऋणपत्रको बोलकबोल फाराम प्रयोग गर्नु पर्ने ।
   (आ) बोलकबोल फाराम यस विभाग वा यस बैंकका उपत्यका बाहिरका कार्यालयबाट वा यस बैंकको वेबसाइट (www.nrb.org.np) बाट डाउनलोड गरी प्राप्त गर्न सकिने ।

२. यो ऋणपत्र खरिदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रिया अन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी (कुनै एकमा मात्र) बोलवालाको रुपमा भाग लिन सक्नेछन् । यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त "क", "ख" र "ग" वर्गको संस्था अप्रतिस्पर्धी बोलवाला हुन पाउने छैन । निष्कासन हुने रकमको ४० प्रतिशत रकम अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको छ ।

३. प्रतिस्पर्धी बोलवालाले आफूले ऋणपत्र खरिद गर्न चाहेको रकम र बोल मूल्य बोलकबोल फाराममा उल्लेख गर्नु पर्नेछ । बोल मूल्य उल्लेख गर्दा आफूले खरिद गर्न चाहेको ऋणपत्रको रकमको लागि अर्द्धवार्षिक ब्याज भुक्तानी हुने आधारमा एकसय रुपैयाँ अङ्कित मूल्य बराबर आफूले बुझाउन चाहेको बोल मूल्य (Bid Price) दशमलव पछाडि चार अङ्कसम्म उल्लेख गर्नु पर्नेछ । अप्रतिस्पर्धी बोलवालाले आफूले खरिद गर्न चाहेको कुल रकम मात्र खुलाउनु पर्नेछ । अप्रतिस्पर्धी बोलवालाले स्वीकृत बोलकबोल मूल्यको भारित औसत बोल मूल्यमा आफूले खरिद गर्न कबुल गरेको रकम खरिद गर्नु पर्नेछ ।

४. यो ऋणपत्र खरिद गर्न यस विभाग वा यस बैंकका उपत्यका बाहिरका कार्यालयमा माथि तोकिएको मिति र समयभित्र खामबन्दी गोप्य आवेदन पेश गर्नु पर्नेछ ।

५. बोलवालाले आफूले खरिद गर्न चाहेको अंङ्कित मूल्यको २.५० प्रतिशतले हुने रकम यस बैंकको बैंकिङ्ग कार्यालय वा बैंकका उपत्यका बाहिरका कार्यालयमा रहेको सण्ड्री क्रेडिटर्स विकास ऋणपत्र (अर्नेष्टमनी) हिसावमा जम्मा गर्नु पर्नेछ । जम्मा गरेको अर्नेष्टमनीको सक्कल भौचर बोलकबोल फारामसाथ पेश गर्नु पर्नेछ । व्यक्ति बोलवाला भएको खण्डमा नागरिकताको छविचित्र समेत पेश गर्नु पर्नेछ । स्वीकृत बोलवालाले मिति २०६३ मार्ग १२ गतेसम्म बैंकिङ्ग कारोवार समयभित्र विकास ऋणपत्र २०७५ हिसावमा बाँकी रकम जम्मा गर्नु पर्नेछ । उक्त समयभित्र आवश्यक रकम दाखिला नगरेमा अर्नेष्टमनी बापत जम्मा गरेको रकम जफत हुनेछ ।

६. यस ऋणपत्रको दोस्रो बजार कारोवार नेपाल धितोपत्र विनिमय बजार लिमिटेड मार्फत हुनेछ ।

७. प्राप्त बोलकबोल आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा रहनेछ ।

८. अस्वीकृत बोलपत्रहरुका सम्बन्धमा जम्मा गरेको अर्नेष्टमनी यस सम्बन्धी निर्णय भएको मितिले ७ दिनभित्र बिना ब्याज फिर्ता दिइनेछ ।

९. अघिल्लो बोलकबोलको (मिति २०६२/११/९) को विवरण:
   (क) ऋणपत्रको नाम : विकास ऋणपत्र २०७२
   (ख) बिक्रीको लागि आह्वान गरिएको रकम : रु.७५.०० करोड
   (ग) निर्धारित वार्षिक ब्याजदर (Coupon Rate) : ६.०० प्रतिशत
   (घ) प्राप्त बोलपत्र संख्या : प्रतिस्पर्धी १२९ र अप्रतिस्पर्धी ७
   (ङ) माग रकम : (अ) प्रतिस्पर्धी : रु.४८७.०० करोड
   (आ) अप्रतिस्पर्धी : रु. ४४.१३ करोड
   (च) निष्कासित रकम : रु.७५.०० करोड
   (छ) एक सय रुपैयाँ अङ्कित मूल्य बराबर कायम हुन आएको बोल मूल्य : अधिकतम १०७.०००२, न्यूनतम १०५.७७७२ र भारित औसत १०६.४८६२

१०. अन्य आवश्यक जानकारीको लागि यस विभागको फोन नं. ४२५७८८०, ४२४८९००-९०४ एक्सटेन्सन १२३, ४२२१७६३ वा ४२४१२७२ मा सम्पर्क राख्नु हुन तथा यस बैंकको वेबसाइट http:// www.nrb.org.np मा हेर्नु हुन अनुरोध छ ।